# सनशाईन सामाजिक विकास संस्था

बुद्धभूमि नगरपालिका वडा नं. १०, चेतरादेई
कपिलवस्तु

## संस्थागत परिचय

# सनशाईन सामाजिक विकास संस्था

## १. संस्थागत विवरण
### १.१-परिचय

कपिलवस्तु जिल्लाको लगभग मध्य भाग तिलौराकोटको पश्चिम र सदरमुकाम तौलिहवादेखि४ कि.मि. उत्तर तथा लोकमार्ग देखि ९ कि.मि. दक्षिणमा अवस्थित यस संस्थाको स्थापना साविक धनकौली गाविस वार्ड नं. ९ का केही सचेत युवाहरुले २०५५ सालमा सनसाईन सामाजिक क्लबको नामबाट दर्ता गराई युवाहरुलाई शिक्षा दिनुको साथै शारीरिक तथा मानसिक विकासको लागी खेलकूदमा सक्रिय गराउने कार्यले निरन्तरता पायो । मानव विकास सूचकांकको आधारमा पछि परेको यस जिल्लाको शिक्षा, स्वास्थ्य खानेपानी तथा सरसफाईको अवस्थामा सुधार ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले २०६० सालमा यस संस्थाको विधानमा परिवर्तन गरीसंस्थाको नाम सनसाईन सामाजिक विकास संस्था भयो र यस संस्थाको सम्पूर्ण ध्यान कपिलवस्तु जिल्लाको विकासमा केन्द्रित भयो । शैक्षिक समस्यालाई मूल मुद्दा बनाई कपिलवस्तु जिल्लाको शिक्षा, स्वास्थ्य, खानेपानी तथा गरिबी निवारणको क्षेत्रमा विभिन्न संस्थाहरुबाट सहकार्य गरी विशेष गरी जिल्लाको दक्षिणी भेगमा सहयोग पुऱ्याउदै आएकोछ । सूचना र सञ्चार विकासको मूल आधार भन्ने नारालाई हृदयगम गरि कपिलवस्तु जिल्लामा पहिलो रेडियो सामुदायिक रेडियो कपिलवस्तुको स्थापना गरीसंचालन भएकोछ जसले लाखौं व्यक्तिहरुको शिक्षा, स्वास्थ्य तथा चेतना अभिबृद्धि तथा विकासमा सहयोग पुऱ्याएको छ ।

### १.२-ऐतिहासिक पृष्ठभूमि

यस संस्था २०५५ सालमा क्लबको रुपमास्थापना भएको थियो र यसको स्थापना कालमै गाविससँग समन्वय गरी भलिवल, फुटवल तथा खेलडी पोसाक खरिद गरी युवाहरुलाई फुटवल तथा भलिवल खेलाउने कार्य संचालन गर्दै गाउँका सानातिना विकासका काममा युवाहरु प्रत्यक्ष संलग्न गराई बाटो तथा पुलपुलेसा निर्माण कार्यमा सहभागी हुन थाले । सोहि क्रममा २०५५ साल भाद्र ३० गते सनसाईन सामाजिक क्लवको नामले श्री कृष्ण कुमार श्रेष्ठको अध्यक्षतामा तदर्थ समिती गठन गरी जिल्ला प्रशासन कार्यालयमा विधिवत दर्ता गरियो जसले हालसम्म आफ्नो उद्देश्यप्रति प्रतिबद्ध भई निरन्तर सहयोग पुर्याउदै आइरहेको छ ।

यस संस्थाको स्थापनाकालदेखि नै समुदायमा संगठन निर्माण, उनीहरुको क्षमता विकास तथा समुदाय परिचालन मार्फत स्थानीय श्रोत संकलन तथा परिचालन गरी समुदायको दिगो विकास गर्ने कार्यमा पहिलो प्राथमिकता दिई धनकौली गाविसमा २०५६ सालदेखि बचत समुह गठन गरी समुदायमा छरिएर रहेका साना पूँजी संकलन गरी आयआर्जन कार्यकोलागि लगानी गर्ने कामको थालनी गरेको थियो । यसै क्रममा महिलाहरुलाई घरदेखि बाहिर निकाल्न र उनीहरुको क्षमताको विकास गर्न महिलाहरुको मात्र समूह गठन गरीयस कार्यमा संलग्न गरियो । शुरुमा २० बटा बचत समूहहरुको निर्माणबाट हाल आएर चेतरादेई बचत तथा ऋण सहकारी संस्थाको रुपमा विकास भई डिभिजन सहकारी कार्यालय कपिलवस्तुमा दर्ता भएको छ । जसले नियमित रुपमा बचत तथा ऋण परिचालन गरि ४४० घरधुरीलाई प्रत्यक्ष सहयोग पुऱ्याई रहेकोछ ।

यस संस्थाले विभिन्न दातृ निकाय र संघ संस्थाहरुसँग समन्वय गर्दै कार्यक्रमहरु अगाडी बढाउदै आइरहेको छ । २०५७ सालदेखि कालिका स्वावलम्बन सामाजिक केन्द्र र एम.एस.नेपालको सहयोगमा संचालित *संस्थागत क्षमता अभिबृद्धि कार्यक्रम* अन्तरगत यस संस्थाले संस्थागत मानव श्रोतको विकासमा निकै सफलता हासिल

गऱ्यो । २०५७ सालमा नेपाल परिवार नियोजन संघ, भिजन २००० परियोजनाले संचालन गरिरहेको प्रजनन् स्वास्थ्य क्लिनीक यस संस्थालाई हस्तान्तरण भई रु. १,३५,००० को बुटवल फाइनान्समा अक्षयकोष खाता खोलि त्यसबाट आउने ब्याजबाट क्लिनीक संचालन भइरहेकोमा हाल बन्द रहेको छ । यसै परियोजनाको सहयोगमा रु.४०,०००।- बराबरको निर्माण सामग्री प्राप्त भईसंस्थाको २कोठे भवन निर्माणमा सहयोग भएको थियो। हाल आई दुई तले भवनको संरचना तयार भएको छ  र एउटा तालिम हल सहितको नयाँ भवन समेत बनेको छ ।

२०५८ सालमा यस संस्थाको साँझेदारीमा जिल्ला विकास समितिमा फिनिडाको सहयोगमा संचालन भएको ग्रामिण खानेपानी तथा सरसफाई सहयोग कार्यक्रमसंचालन भयो जसको कार्यक्षेत्र महेन्द्रकोट गाविसको वार्ड नं. ६ बीरपुर थियो । २०५८ सालमा जिल्ला पशु सेवा कार्यालय कपिलवस्तु तथा तेश्रो पशु विकास आयोजनाको सहयोग र साँझेदारीमा बाख्रा पैचो कार्यक्रम धनकौली गाविसमा सञ्चालन भई ६० घरधुरी दलितहरु लाभान्वित भएका थिए, जो जंगलको दाउरा काटी बिक्री गरि आफनो जीवन निर्वाह गरिरहेका थिए।

२०६० सालमा जिल्ला कृषी विकास कार्यालय, कपिलबस्तु अन्तरगत संचालित दीर्घकालिन कृषि विकास सहयोग कार्यक्रम (APPSP)सँग साझेदारी भई धनकौली गाविसमा कृषि क्षेत्रमा सहयोग पुऱ्याएको थियो । २०६१ सालदेखि गरिबी निवारण कोषको सहयोगमा *गरिबी निवारणको लागी आर्यआर्जन तथा सामुदायिक भौतिक पूर्वाधार विकास परियोजना* दिर्घकालिन परियोजनाको रुपमा कपिबलस्तुको धनकौली, राजपुर, हथौसा र जहदी गाविसमा संचालनमा रहेकोछ । यस अन्तरगत ६१ वटा सामुदायिक संस्था गठन भई आयआर्जन तथा सामुदायिक पूर्वाधार निर्माणमा सहयोग पुगेकोछ । जुन २०७३ असार मसान्त देखि कार्यक्रम अन्त्य भएको छ । २०६४ साल देखि Child Welfare Scheme (CWS) U.K. को सहयोगमा *बाल विकासकालागी स्थानिय प्रयास कार्यक्रम* संचालनमा भएकोथियो । जसको कार्यक्षेत्र कपिलवस्तु जिल्लाको दक्षिणी गाविस अजिगरा, हरदौना र कजरहवा रहेको थियो । यसले बाल बालिकाको क्षेत्रमा काम गरि बाल विकासमा सहयोग पुऱ्याएको थियो ।

कपिलवस्तु जिल्लामाविद्युतीय संचारगृहको शुन्यतालाई हृदयगम गरी २०६३ सालमा सामुदायिक रेडियोको दर्ता गरी स्थानीय भाषा अवधीमा कार्यक्रम संचालन गरी समुदायलाई स्थानीय भाषामा सूचना र सन्देश दिने सोचका साथ जिल्लामा पहिलो रेडियोको रुपमा सामुदायिक रेडियो कपिलवस्तुको स्थापना भई २०६५ साल फागुन ८ गतेदेखि सञ्चालन हुँदै आइरहेका छ । नेपाल वातावरण पत्रकार समुहसँग सहकार्य गरी युनेस्कोको सहयोगमा सामुदायिक बहुसंचार केन्द्रको पनि स्थापना भई केहि वर्ष संचालनमा रह्यो ।

२०६२ सालमा यस संस्थाको ऐतिहासीक सामाजिक लेखा परीक्षण भयो । यसै कार्यक्रमको फल स्वरुप सनशाईन सामाजिक विकास संस्थालाई जिविस कपिलवस्तुले सामाजिक दिवसको अवसरमा २०६२ सालको पारदर्शी संस्थाको कदर पत्र प्रदान गरेको थियो ।

२०६६ सालदेखि बालबालिकाहरुको लागी प्रायोजित कार्यक्रम Save the Children International, को सहयोगमा कपिलवस्तु जिल्लाको ३ वटा गाविसबाट शुरुवात गरी हाल साविकका १६ वटा गा.वि.स.मा संचालित छ ।

यसै क्रममा २०६७ सालमा जिल्ला विकास समिति तथा एल.जी.सी.डी.पी.को साझेदारीमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सम्झौता भई जवाभारी, उदयपुर, लालपुर, अजिगरा, भलवारी ५

गाविसमा सञ्चालन हुँदै आइरहेकोमा २०७० श्रावणदेखि साझेदारीको अन्त्य भएको छ। २०७२ सालमा नेपाल ट्रष्टको काठमाण्डौको सहयोगमा बलुहवा गाविसको वडा नं. २ महादेव गाउँमा रहेको बलुहवा प्राथमिक विद्यालयको ५ कोठे भवन, शौचालय, वाउण्डरी वालको निर्माण सम्पन्न भएको छ र नेपाल सम्मान परियोजनाको सहयोगमा यस बर्ष कपिलवस्तु नगरपालिका वडा नं. ५ को कपिहवामा रहेको जनचेतना बाल विकास केन्द्रको १ कोठे भवनसहति बाउण्डरीवाल तथा शौचालय निर्माण भएको छ। २०७३ साल असारदेखि केयर नेपालको सहयोगमा *बालिका शसक्तिकरण परियोजना*को सम्झौता भई कार्यक्रम संचालन भइ रहेको छ । भर्खरै यही २०७५ बैशाख २८ गते युनाइटेड मिसन टू नेपालसँग मायादेवी गाउँपालिकामा बालबालिका र शिक्षा सम्बन्धि कार्यक्रम गर्न सम्झौता भई परियोजना निर्माण भइरहेको छ।

यसरी युवाहरुलाई संगठित गरी युवा विकासको उद्देश्य बोकी २०५५ सालमा स्थापित भएको क्लव, सनशाईन सामाजिक क्लब हुँदै २० वर्षको दौरानमा सनसाईन सामाजिक विकास संस्था जिल्लामाशिक्षा र बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको रुपमा स्थापित हुन पुगेको छ।

## २- संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य

### परिकल्पना (Vision)

“स्वच्छ प्रतिस्पर्धायुक्त समुन्नत सामाजको निर्माण”

### ध्येय (Mission)

स्थानीय समुदायलाई समुह, सामुदायिक संस्था तथा क्लब मार्फत संगठीत गराई, सांगठनिक विकास तथा क्षमता विकास गरि उनीहरु मार्फत सामुदायिक विकासमा सहयोग पुऱ्याउने,

### लक्ष्य (Goal)

समुदायको आधारभूत आवश्यकता शिक्षा, स्वास्थ्य, खानेपानीको पहुँचमा सहजता ल्याई समुन्नत समाजको निर्माणमा सहयोग पुऱ्याउने ।

### उद्देश्यहरु(Objectives)

- लक्षित समुदायको चेतनामा अभिबृद्धि गराई आधारभूत तथा गुणस्तरीय शिक्षाको लागी स्थानीय प्रयासलाई बढावा दिने ।
- स्वास्थ्य तथा प्रजनन स्वास्थ्यको क्षेत्रमा सेवा पुर्‍याउने ।
- समावेसीकरणलाई जोड दिँदै लैङगीक समविकासमा सहयोग पुर्‍याउने ।
- बालबालिका, असहाय महिला तथा बृद्धबृद्धाहरुको सुरक्षित आश्रयका लागी आश्रय स्थल निर्माण तथा व्यवस्थापनमा जोड दिने ।
- सर्वसाधारणलाई सुसूचित गर्न बिद्युतीय तथा छापा सञ्चार माध्यम स्थापना गर्ने ।
- लघु वित्तका क्षेत्रमा समुदायको पहुँच बृद्धि गर्दै सामाजिक विकास निर्माणको काममा स्थानीय प्रयासलाई बढावा दिँदै गरिबी न्यूनीकरणमा सहयोग गर्ने ।
- ग्रामीण समुदायलाई जनवकालतबाट सुशासन तथा मौलिक हकको प्रत्याभूती गराउन सहयोग पुऱ्याउने ।
- किसानहरुको अधिकारलाई सुनिश्चित गराउने र पर्यावरण अनुकुलन कृषि प्रविधिको प्रवर्द्धनमा जोड दिने ।

## ३- कार्यसमिति विवरण

| क्र सं. | नाम | लिगं | जातजाती | पद |
|---|---|---|---|---|
| १ | तुलसीराम यादव | पुरुष | अन्य /मधेशी | अध्यक्ष |
| २ | शान्ति शाही | महिला | अन्य | उपाध्यक्ष |
| ३ | रामसेवक यादव | पुरुष | अन्य /मधेशी | सचिव |
| ४ | सिता नेपाली | महिला | दलित | सह सचिव |
| ५ | श्याम प्रकाश धवल | पुरुष | दलित /मधेशी | कोषाध्यक्ष |
| ६ | गीता केवट | महिला | जनजाति /मधेशी | सदस्य |
| ७ | दयाशंकर केवट | पुरुष | जनजाति/मधेशी | सदस्य |
| ८ | रत्ती थारु | पुरुष | जनजाति /मधेशी | सदस्य |
| ९ | राम सुभग यादव | पुरुष | अन्य /मधेशी | सदस्य |

## ४- साधारण सदस्य विवरण

| क्र.सं. | सदस्यको नाम | ठेगाना | सदस्यता प्राप्त मिती | जातजाति |
|---|---|---|---|---|
| १ | कृष्ण कुमार श्रेष्ठ | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०५५।९।२८ | जनजाती |
| २ | शिवलाल यादव | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०५५।९।२८ | अन्य |
| ३ | परशुराम यादव | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०५५।९।२८ | अन्य |
| ४ | तुलसीराम यादव | बुद्धभूमि-१०,सानो चेतरादेई, क.व. | २०५५।९।२८ | अन्य |
| ५ | नम कुमारी श्रेष्ठ | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०५५।९।२८ | जनजाती |
| ६ | पुजारी यादव | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०५५।९।२८ | अन्य |
| ७ | राम गुलाव केवट | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०५५।९।२८ | जनजाती |
| ८ | कबलाश भर | बुद्धभूमि-१०,सानो चेतरादेई, क.व. | २०५५।९।२८ | अन्य |
| ९ | तौलेश्वर यादव | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०५५।११।१६ | अन्य |
| १० | सहजराम केवट | बुद्धभूमि-१०, लोहरौला, क.व. | २०५५।११।१६ | जनजाती |
| ११ | बुद्धिराम केवट | बुद्धभूमि-१०,मथुरापुर, क.व. | २०५६।४।२९ | जनजाती |
| १२ | ब्रम्हदेव केवट | बुद्धभूमि-१०, धर्मपुर,क.व. | २०५६।११।१२ | जनजाती |
| १३ | सहजराम गुप्त | बुद्धभूमि-१०, पोखरहवा, क.व. | २०५६।१२।१८ | अन्य |
| १४ | शिवचरन केवट | बुद्धभूमि-१०, धर्मपुर,क.व. | २०५७६।२४ | जनजाती |
| १५ | दया शंकर केवट | बुद्धभूमि-१०, लोहरौला, क.व. | २०५७९।७ | जनजाती |
| १६ | भोरीक केवट | क.ब.न.पा.६, बरमैली, क.व. | २०५८।७५ | जनजाती |
| १७ | बच्चुलाल यादव | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०५८।९।२२ | अन्य |
| १८ | राधा घर्ती | बुद्धभूमि-१०, लोहरौला, क.व. | २०५९।९।१४ | अन्य |
| १९ | राम सुभग यादव | बुद्धभूमि-१०, चेतरादेई, क.ब. | २०६०।६।१५ | अन्य |
| २० | राम सेवक यादव | बुद्धभूमि-१०, चेतरादेई, क.ब. | २०६२।१०।१८ | अन्य |
| २१ | राघबेन्द्र खरबिन्द्र | बुद्धभूमि-१०, चेतरादेई, क.ब. | २०६२।१०।१८ | जनजाती |
| २२ | मायादेबी यादव | बुद्धभूमि-१०, चेतरादेई, क.ब. | २०६४।१।१६ | अन्य |
| २३ | छठ्ठीराम यादव | बुद्धभूमि-१०, बैकुण्ठपुर, क.ब. | २०६४।९।२९ | अन्य |
| २४ | रत्तीराम थारु | बुद्धभूमि-१०,ढडिहवा,क.व. | २०६६।१।२ | ज्नजाती |
| २५ | संजू यादव | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०६६।१०।१८ | अन्य |

| | | | | |
|---|---|---|---|---|
| २६ | सरस्वती थारु | बुद्धभूमि-१०, ढडिहवा,क.व.. | २०६७।४।३ | जनजाती |
| २७ | सोना खटिक | बुद्धभूमि-९, मैटहवा, क.व. | २०६७।४।१४ | दलित |
| २८ | रिजवान गद्दी | बुद्धभूमि-५, गिदहवा, क.व. | २०६८।४।१२ | मुस्लिम |
| २९ | अम्वर प्रसाद यादव | बुद्धभूमि-१०,सानो चेतरादेई, क.व. | २०६८।४।१२ | अन्य |
| ३० | तुलसा सिंह | बुद्धभूमि-१०, भगवानपुर, क.व. | २०६८।४।१२ | अन्य |
| ३१ | बीरेन्द्र खरबिन्द्र | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०६८।४।१२ | जनजाती |
| ३२ | लालमन यादव | कपिलवस्तु-११, वनगाई, क.व.. | २०६८।९।१३ | अन्य |
| ३३ | राम कुमारी थारु | बुद्धभूमि-१०, ढडिहवा,क.व. | २०६८।९।१३ | जनजाती |
| ३४ | भगवान दास यादव | बुद्धभूमि-१०, चेतरादेई, क.व.. | २०६८।९।१३ | अन्य |
| ३५ | प्रदर्शनी थारु | बुद्धभूमि-१०, ढडिहवा,क.व.. | २०६८।९।१३ | जनजाती |
| ३६ | राम औतार थारु | बुद्धभूमि-४, बुड्डी, क.व. | २०६८।९।१३ | जनजाती |
| ३७ | राधिका चौधरी | बुद्धभूमि-१०, ढडिहवा,क.व. | २०६८।९।१३ | जनजाती |
| ३८ | श्याम प्रकाश धवल | बुद्धभूमि-१०, पोखरहवा, क.व. | २०६८।९।१३ | दलित |
| ३९ | रीता थारु | बुद्धभूमि-३, दुविया, क.व. | २०६८।९।१३ | जनजाती |
| ४० | सोनमती धोवी | बुद्धभूमि-१०, पोखरहवा, क.व. | २०६९।३।१९ | दलित |
| ४१ | गोपीकृष्ण श्रेष्ठ | क.ब.न.पा. ३, आनन्दवाग | २०६९।३।१९ | जनजाती |
| ४२ | हनुमान प्रसाद यादव | क.ब.न.पा. १३, कोदौहा | २०६९।३।१९ | अन्य |
| ४३ | पदम श्रेष्ठ | बुद्धभूमि-२, गोरुसिंगे, क.व. | २०६९।३।१९ | जनजाती |
| ४४ | दिपक चौधरी(थारु) | बुद्धभूमि-४, बुड्डि, क.व. | २०७०।२।३ | जनजाती |
| ४५ | भरत केवट | बुद्धभूमि-१०, चेतरादेइ क.व. | २०७०।२।३ | जनजाती |
| ४६ | नसरुद्धिन चौधरी | बुद्धभूमि-५, गिदहवा, कपिलवस्तु | २०७०।२।३ | मुस्लिम |
| ४७ | सुरेन्द्र केवट | बुद्धभूमि-१०, मोतिनगर, क.व. | २०७०।२।३ | जनजाती |
| ४८ | किसोर कुमारयादव | यशोधरा-२,गौरी, क.व. | २०७०।२।३ | अन्य |
| ४९ | कृष्णमोहन केवट | बुद्धभूमि-१०, लोहरौला, क.व. | २०७०।२।३ | जनजाती |
| ५० | गीता केवट | बुद्धभूमि-१०,मथुरापुर, क.व. | २०७०।२।३ | जनजाती |
| ५१ | राम लखन यादव | बुद्धभूमि-६,महुवा, क.व. | २०७०।२।३ | अन्य |
| ५२ | बालकृष्ण बरई | क.ब.न.पा. ७, सेरहिया | २०७०।४।४ | अन्य |
| ५३ | कमलेस केवट | महाराजगञ्ज २, गैडहवा, क.व. | २०७०।४।४ | जनजाती |
| ५४ | सरिता तमाल | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०७०।४।४ | अन्य |
| ५५ | राकेश धोवी | बुद्धभूमि-६, लक्ष्मीनगर, क.व. | २०७०।४।४ | दलित |
| ५६ | लक्ष्मीनारायण यादव | बुद्धभूमि-१०, बैकुन्ठपुर, क.व. | २०७०।४।४ | अन्य |
| ५७ | शान्ति शाही | बुद्धभूमि-५, चौरी, क.व. | २०७०।५।७ | अन्य |
| ५८ | मोहम्मद हनिफ | बुद्धभूमि-१०, गजरैया, क.व. | २०७०।५।७ | मुस्लिम |
| ५९ | अन्जु खरविन्द | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०७०।६।४ | जनजाती |
| ६० | हरिकिरतनिया थारु | बुद्धभूमि-४, बुड्डि, क.व. | २०७१।८।५ | जनजाती |
| ६१ | सुमित थारु | बुद्धभूमि-४, बुड्डि, क.व.. | २०७१।८।५ | जनजाती |
| ६२ | बीरेन्द्र कुमार यादव | बारा, हाल बुद्धभूमि-१०, चेतरादेई | २०७१।८।५ | अन्य |
| ६३ | सफिरुद्दिन मुसलमान | बुद्धभूमि-१०, धनकौली, क.व. | २०७१।८।५ | मुसलमान |
| ६४ | विश्व प्रकाश गौतम | क.ब.न.पा. ३, तौलिहवा | २०७१।८।५ | अन्य |
| ६५ | राजेश केवट | बुद्धभूमि-१०, मोतिनगर, क.व. | २०७१।८।५ | जनजाती |
| ६६ | अमरावती केवट | बुद्धभूमि-१०, मोतिनगर, क.व. | २०७१।८।५ | जनजाती |

| | | | | |
|---|---|---|---|---|
| ६७ | सीमा केवट | बुद्धभूमि-१०, मोतिनगर, क.व. | २०७१।८।५ | जनजाती |
| ६८ | जयराम चौधरी | बुद्धभूमि-३,रनगई, क.व. | २०७२।४।१ | जनजाती |
| ६९ | सीता नेपाली | कपिलवस्तु-३,भिक्षुचौक, क.व. | २०७२।४।१ | दलित |
| ७० | राम समुझ थारु | कपिलवस्तु-३,भिक्षुचौक, क.व. | २०७२।४।१ | जनजाती |
| ७१ | शिव कुमारी गुप्त | बुद्धभूमि-१०,पोखरहवा, क.व. | २०७२।४।१ | अन्य |
| ७२ | पार्वता श्रेष्ठ | बुद्धभूमि-२,गोरुसिंगे, क.व. | २०७२।५।४ | जनजाती |
| ७३ | धनेश्वरी घर्ती | बुद्धभूमि-१,पत्थरकोट, क.व. | २०७२।५।४ | जनजाती |
| ७४ | सरोज यादव | कपिलवस्तु-६, तिलौरा, क.व. | २०७२।५।४ | अन्य |
| ७५ | दिलिप कुमार यादव | मायादेवी-७,धुपही, क.व. | २०७२।५।४ | अन्य |
| ७६ | संगीता रायमाझी | शिवराज-१०,सितलापुर, क.व. | २०७२।५।४ | अन्य |
| ७७ | सुशिल कुमार चौधरी | बुद्धभूमि-४, बुड्डि, क.व. | २०७२।५।४ | जनजाती |
| ७८ | बिन्दवासिनी हरिजन | मायादेवी-५, सानो सिसहनीया,क.व. | २०७२।७।१३ | दलित |
| ७९ | सिमा केवट | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०७२।७।१३ | जनजाती |
| ८० | सुग्रीम धोबी | बुद्धभूमि-१०,धनकौली, क.व. | २०७२।७।१३ | दलित |
| ८१ | राजेश चौधरी | बुद्धभूमि-८, हरिहरपुर, क.व. | २०७४।०५।०२ | जनजाती |
| ८२ | उर्मिला यादव | यशोधरा-७, कोपवा, क.व. | २०७४।०५।०२ | अन्य |
| ८३ | मीना केवट | बुद्धभूमि-१०, चेतरादेई, क.व. | २०७४।०५।०२ | जनजाती |
| ८४ | धर्मलक्ष्मी ढाडी | बुद्धभूमि-७, तकियवा, क.व. | २०७४।०५।०२ | दलित |
| ८५ | गरिबुल मुसलमान | बुद्धभूमि-८, चरिगावाँ, क.व. | २०७४।०५।०२ | मुसलिम |

## ५- कर्मचारी विवरण

| कार्यक्रमको नाम | पद | संख्या | कैफियत |
|---|---|---|---|
| | कार्यकारी निर्देशक | १ | १ |
| साझा उद्देश्यकोलागी प्रायोजित कार्यक्रम | कार्यक्रम संयोजक | १ | |
| | सहायक कार्यक्रम संयोजक | १ | |
| | शिक्षा अधिकृत | १ | |
| | लेखा तथा प्रशासन अधिकृत | १ | |
| | स्वास्थ्य अधिकृत | १ | |
| | किशोर किशोरी विकास अधिकृत | १ | |
| | अनुगमन तथा सुपरिवेक्षण अधिकृत | १ | |
| | स्पोन्सरसिप सहायक अधिकृत | २ | |
| | लजिष्टिक सहायक अधिकृत | १ | |
| | शिक्षा सहायक अधिकृत | २ | |
| | सामाजिक परिचालक | १० | |
| | कार्यालय सहायक | १ | |
| | जे.टी.ए. | १ | २४ |
| बालिका शसक्तिकरण परियोजना ( हौसला) | परियोजना संयोजक | १ | |
| | फिल्ड अधिकृत | १ | |
| | लेखा तथा प्रशासन अधिकृत | १ | |
| | फिल्ड सुपरभाइजर | ७ | |
| | कार्यालय सहयोगी | १ | |

| | शिक्षक/शिक्षिका | ११ | २२ |
|---|---|---|---|
| रेडियो कपिलवस्तु १०४.२ मेगाहर्ज | स्टेशन म्यानेजर | १ | |
| | कार्यक्रम संचालक | १ | |
| | लेखापाल | १ | |
| | कार्यक्रम संचालक | २ | आंशिककर्मचारी |
| | प्राबिधिक | २ | ७ |
| जम्मा | | | ५४ |

## ६-कार्यसमिति, साधारण सदस्य र कर्मचारीको लैङ्गिक तथा जातीयगत विवरण

### (क) साधारण सदस्य

| क.सं. | जातजाती | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | दलित | ५ | ३ | ८ |
| २ | जनजाती | १७ | २३ | ४० |
| ३ | मुस्लिम | ० | ५ | ५ |
| ४ | अन्य | १० | २२ | ३२ |
| | जम्मा | ३२ | ५३ | ८५ |







### (ख) कार्यसमिति

| क.सं. | जातजाती | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | दलित | १ | १ | २ |
| २ | जनजाती | १ | २ | ३ |
| ३ | मुस्लिम | ० | ० | ० |
| ४ | अन्य | १ | ३ | ४ |
| | जम्मा | ३ | ६ | ९ |

(ग) कर्मचारी







| क्र.सं. | जातजाती | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | दलित | १ | ४ | ५ |
| २ | जनजाती | ४ | १२ | १६ |
| ३ | मुस्लिम | ० | ४ | ४ |
| ४ | अन्य | १५ | १४ | २९ |
| | जम्मा | २० | ३४ | ५४ |







## ७-संस्था संचालनको लागि तयार गरिएका विधान तथा नीति नियमावलीहरु

- बाल संरक्षण नीति २०६५
- संसोधित विधान २०६९ (तेश्रो संसोधन)
- प्रशासनिक नियमावली २०६९
- आर्थिक नियमावली २०६९
- मानवीय श्रोत विकास तथा व्यवस्थापन नियमावली २०६९
- गुनासो सुनुवाई संयन्त्र व्यवस्थापन सम्बन्धि कार्यविधि निर्देशिका २०७०
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७२
- पञ्चवर्षीय रणनैतिक योजना (२०७३–०७८)
- खरिद तथा लिलामी निर्देशिका २०७४

- परियोजना विकास, अनुगमन, मूल्याङ्कन, जवाफदेहीता तथा सिकाई निर्देशिका २०७४
- भ्रष्टाचार विरुद्धको नीति २०७५
- वातावरण संरक्षण निर्देशिका २०७५
- द्वन्द्व व्यवस्थापन निर्देशिका २०७५

**८-संस्थागत संरचना**



**९-संस्थाको आबद्धता**

- ≈ गैरसरकारी संस्था महासंघ
- ≈ समाज कल्याण परिषद
- ≈ कपिलवस्तु संस्थागत विकास समिति (KIDC)
- ≈ सामुदायिक रेडियो प्रशारक संघ (अकोराब)
- ≈ पोषणका लागि नागरिक सञ्जाल (सिसान)
- ≈ प्रजनन् स्वास्थ्य समन्वय समिति
- ≈ शिक्षाको लागि राष्ट्रिय अभियान (NCE)
- ≈ एशिया पेसिफिक (अमार्क)
- ≈ गौतम बुद्ध क्याम्पस, बुद्धभूमि नगरपालिका २ गोरुसिङ्गे

**१०-संस्थाको मूल्य मान्यताहरु :**

क) सामाजिक समावेशीकरण
ख)लोकतान्त्रिक अभ्यास
ग)सामाजिक न्याय तथा मानव अधिकारको प्रवर्द्धन
घ)सुशासनको प्रवर्द्धन
ङ)स्थानीय संस्कृतिको सम्मान
च)धार्मिक सहिष्णुता
छ)तट्स्थता
ज)स्थानीय श्रोत परिचालन
झ)कसैलाई हानी नगर्ने (DO no harm)
ञ )वातावरण मैत्री विकास

**११-संस्थाको रणनीती (Strategy):**

क) स्थानीय श्रोत साधनको अधिकतम् परिचालन तथा सदुपयोग गरी कार्यक्रम संचालन गर्ने ।
ख) स्थानीय प्रयासलाई बढावा दिने ।
ग) हरेक कार्यक्रममा लक्षित अधिकारवालालाई योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनमा सक्रिय सहभागी गराउने ।
घ) सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग सहकार्य गरी कार्यक्रमलाई अगाडि बढाउने ।
ङ) दातृ निकायसँग सहकार्य गर्दा संस्था तथा समुदायको नीति तथा मूल्यमान्यता भित्र रहने ।
च) महिला, दलित, जनजाती, श्रोतविहीन र गरिब कृषकहरुलाई केन्द्र विन्दु बनाइ विकासका कार्यक्रममा सहभागी गराउने ।
छ) कार्यक्रमको अवधि समाप्ती पश्चात पनि निरन्तर रुपमा प्राविधिक सहयोग र पृष्ठपोषण दिइरहने ।

**१२. संस्थाबाट पूर्व सञ्चालित कार्यक्रमहरु**

| साझेदार निकाय | कार्यक्रमको नाम | कार्यक्रम संचालन बर्ष |
|---|---|---|
| गरिबी निवारण कोष | गरिबी न्युनीकरणको लागि आयआर्जन तथा सामुदायिक भौतिक पूर्वाधार कार्यक्रम | २०६१ देखि २०७३।०३।३० सम्म |
| | | |

| | | |
|---|---|---|
| महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | बृद्धाश्रम भवन निर्माण | २०६९ |
| जिल्ला कृषि विकास कार्यालय कपिलवस्तू | गरिबी न्युनीकरणको लागि कृषि कार्यक्रम | २०६१ |
| जिल्ला पशु सेवा कार्यालय कपिलवस्तु | बाख्रा पैचो कार्यक्रम | २०५८ |
| जिल्ला विकास समिति कपिलवस्तू | ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम | २०५८ |
| जिल्ला विकास समिति कपिलवस्तू | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | २०६७ देखि २०७१ सम्म |
| नेपाल ट्रष्ट काठमाण्डौ | सामूदायिक विद्यालय भवन निर्माण कार्यक्रम | २०७२।०७३ |
| CWS Pokhara | बाल विकासका लागि सामुदायिक प्रयास, बाल विकास केन्द्र निर्माण | २०६४ |

## १३. संस्थाबाट सञ्चालित कार्यक्रम

**क) कार्यक्रमको नाम : साझा उद्धेश्यका लागि प्रायोजित कार्यक्रम (CASP)**

१. कार्यक्रम संचालित गाविसहरु : १६ गाविस

२. संचालन अवधी : सन् २००९ देखि निरन्तर

३. साझेदार निकाय : सेभ द चिल्ड्रन

४. कार्यक्रमको मुख्य मुख्य उद्धेश्यहरु :

- ३ देखि ४ बर्षका बालबालिकाहरुको शारिरीक, बौद्धिक, सामाजिक र सम्वेगात्मक विकासको लागि गुणस्तरिय बालविकास केन्द्रमा पहूँच गराउने,
- गुणस्तरिय आधारभूत शिक्षाको माध्यमबाट बालबालिकाहरुको सिकाई उपलब्धीमा सुधार गर्ने,
- विद्यालयमा आधारित आधारभूत स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरि बालबालिकाको स्वास्थ्य सम्बन्धि व्यवहारमा परिवर्तन ल्याउने,
- किशोर किशोरी तथा यूवाहरुको व्यवहारमा सकारात्मक परिवर्तन ल्याइ स्वास्थ्य, शिक्षा र आर्थिक अवसरमा उनीहरुलाई पहूँच पुर्‍याउने,

**ख) कार्यक्रमको नाम : सामुदायिक रेडियो कपिलवस्तु (सुचना तथा सञ्चार कार्यक्रम)**

१. सञ्चालित गा.वि.स. : कपिलवस्तु जिल्लाको सम्पूर्ण गाविसहरु

२. संचालन अवधी : २०६५ सालदेखि निरन्तर

३. साझेदार निकाय : स्थानिय सरकारी तथा गैर सरकारी संघ संस्था, सामुदायिक रेडियो प्रसारक संघ ( एकोराब), इक्वल एक्सेस नेपाल, माक्स मिडिया, थमसन नेपाल, इनोभेट सेन्टर, एन्टेना फउण्डेसन नेपाल, माउन्टेन ट्रष्ट नेपाल

४. कार्यक्रमको मुख्य मुख्य उद्धेश्यहरु :

- रेडियो कार्यक्रमबाट ग्रामिण नागरिकको सुसुचित हुने अधिकारको सुनिश्चित गर्ने ,
- गरिब महिला दलित जनजाती तथा मधेशीहरुलाई सामाजिक मुलधारमा ल्याउन सहयोग पुरयाउने,
- स्थानिय श्रोत साधनमा पहुँच बढाउन अधिकार मुखि कार्यक्रमहरु संचालन गर्ने ,
- समुदायको आधारभुत आवश्यकता स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाईमा सुधार ल्याउन जनचेतनाको कार्यक्रमहरु संचालन गर्ने ।

**ग) हौसला परियोजना**

१. सञ्चालित गा.वि.स. : हथिहवा, बलुहवा, हरनामपुर, गोटिहवा, सोमडिह, सिहोखोर, अजिगरा, पुरुषोत्तमपुर
२. साझेदार निकाय : केयर नेपाल
३. संचालन अवधी : २०७३ साल
४. कार्यक्रमको मुख्य उद्धेश्यहरु :

- परियोजना क्षेत्रका विद्यालय छाडेका किशोरीहरुलाई कक्षा संचालन गराई पुन विद्यालयमा भर्ना गराउने ।
- उनीहरुको क्षमता अभिबृद्धि गर्ने ।
- किशोरीहरुको व्यवहारमा सकारात्मक परिवर्तन ल्याइ स्वास्थ्य, शिक्षा र आर्थिक अवसरमा उनीहरुलाई पहूँच पुऱ्याउने,

**घ) समुदाय परिवर्तनका लागि बालबालिका तथा यूवा कार्यक्रम**

१. सञ्चालित गा.वि.स. : मायादेवी गाउपालिका
२. साझेदार निकाय : यूनाइटेड मिसन टू नेपाल
३. संचालन अवधी : २०७५ साल
४. कार्यक्रमको मुख्य उद्धेश्यहरु :

- गुणस्तरिय आधारभूत शिक्षाको माध्यमबाट बालबालिकाहरुको सिकाई उपलब्धीमा सुधार गर्ने,
- विद्यालयमा आधारित आधारभूत स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरि बालबालिकाको स्वास्थ्य सम्बन्धि व्यवहारमा परिवर्तन ल्याउने,
- किशोर किशोरी तथा यूवाहरुको व्यवहारमा सकारात्मक परिवर्तन ल्याइ स्वास्थ्य, शिक्षा र आर्थिक अवसरमा उनीहरुलाई पहूँच पुऱ्याउने,

## १४. यस संस्थाका कर्मचारीहरुले संस्थाको मूल्य मान्यता एवं परिकल्पना अनुसारको आचरण एवं ब्यवहार गर्नु पर्नेछ ।

### १४.१ आचरणः

क) कार्यालयका कर्मचारीहरु ठीक १० बजे कार्यालय आउने र मंसिर, पौष माघ र फागुनमा ४ बजे र बाकी महिनामा ५ बजे सम्म अनिवार्य रुपमा कार्यालयमा बसी कार्य गर्नुपर्नेछ ।

ख) कार्यालय समयमा वा कार्यालय भित्र धुमपान, मदपन गरि प्रबेश गर्ननहुने ।

ग) कार्यालयमा बस्दा सेवा ग्राहीसंग सिस्ट व्यबहार तथा निजको कार्यलाई प्राथमिकता दिई गर्नुपर्ने ।

घ) कार्यालय समय भित्र कम्प्युटरमा निजी काम वा फेसबुक, भिजुवल वा अडियो मनोरञ्जनका कार्यमा समय खर्चगर्न नहुने ।

ङ.) कार्यालय समय भित्र आआफ्नो पद र मर्यदामा बस्नुपर्ने र सोही किसिमका व्यवहार गर्नुपर्नेछ ।

च) सेवा ग्राहीको कार्यमा ढिलासुस्ती नगर्ने केही कमी कमजोरी भए स्पष्ट सल्लाह दिईनु पर्ने ।

छ) कार्यालय भित्र वा हाता भित्र सरसफाई राख्न फोरमैला व्यवस्थापनमा ध्यान दिनुपर्ने ।

ज) कुनै बिशेष कारण बाहेक बिदा लिनुपरेमा कम्तीमा ३ दिन अगावै जानकारी गराउनुपर्ने र स्वीकृत भईसकेपछि मात्र बिदामा बस्ने ।

झ) संस्थाका कर्मचारी तथा पदाधिकारीहरुले कार्यालय तथा कार्यक्षेत्रमा लिगं, जाति, पेशा, थर, धर्म, बर्ग वा समुदायको बिचमा बिभेदपूर्ण व्यवहार नगर्ने तर कार्यक्रममा सिमान्तीकृत समुदाय तथा बर्गलाई सकरात्मक बिभेदको मान्यता अपनाई संस्थाको सेवा सुबिधामा उनीहरुको पहुचमा बृद्धि गर्नुपर्ने ।

ञ) संस्थाका कर्मचारीहरुले कार्यालय तथा कार्यक्षेत्रमा चलनचल्तीमा रहेका मर्यादित शब्दको प्रयोग गर्नुपर्ने र समुदाय तथा सरोकारवालाहरु संगको समवन्ध बिस्तारमा सधै प्रयासरत रहनुपर्ने ।

ट) समुदायको भाषा,धर्म तथा संस्कृतीको सम्मान गर्नुपर्नेछ ।

ठ) संस्थागत सूचनाहरु गोप्य राख्नुपर्ने वा संस्थागत अभिव्यक्ति दिदा आफनो सुपरभाईरको स्वीकृत लिई मात्र अभिव्यक्त गर्न सक्ने ।

ड) सार्वजनिक ठाउमा जाड, रक्सी, जुवातास असामाजिक कार्य गर्ननहुने र निजी स्थानमा पनि कम गदै लगी सादा जीवन उच्च बिचारको मान्यतालाई अगाडि बढाउनुपर्ने ।

ढ) कुनै पनि खर्च गर्दा लक्षित समुदायको अधिकतम फाईदा र आर्थिक मितव्यितको आधार अपनाईनेछ ।

**१४.२ दण्ड, सजय, कार्यवाही :**

क) कुनै कर्मचारीले आचरण बिपरीत काम गरेको लागेमा निज कर्मचारी संग निजको सुपरभाईजरले स्पष्टी कारण सोधी चेतवानी दिने ।

ख) सुधार गर्ने निश्चित समय तोकि अचरण र व्यवहारको परिक्षण गर्ने ।

ग) व्यवहारमा सुधार नआएमा कार्यालय प्रमुखबाट तलव रोक्का गर्न सकिने र त्यसमा सुधार नआएमा निजको स्तर घटुवा वा निलम्वन समेत गर्न गर्नसक्नेछ ।

घ) सवै गर्दा निजको आचरण तथा व्यवहारमा सुधार नआएमा जागिर वा खारेजी प्रक्रिया अगाडि बढाउने ।

ङ ) जागिरको ्खारेजी कार्यक्रम संयोजकको अनुरोध तथा कार्यकारी संयोजकको सिफारीसमा कार्यसमितीले गर्नसक्नेछ ।

च) सदस्यको हकमा चेतवनी तथा स्पष्टिकरण लिने कार्य का.स.अध्यक्ष वा सचिव र अध्यक्षको भए उपाध्यक्षको रहनेछ ।

छ) संस्थाका पदाधिकारी तथा साधारण सदस्यको हकमा साधारण सदस्यताबाट निलम्वन वा साधारण सदस्यता समेत खारिज गर्न सकिनेछ तर सोको निर्णय संस्थाका दुई तिहाई सदस्यहरुले उपस्थित भई निर्णय गर्नुपर्नेछ ।

ज) तर जागिरबाट हटाउनु पूर्व वा साधारण सभाबाट खारेज वा निलम्बन पूर्व सफाईको मौका दिइनेछ ।

झ) कुनै पनि कर्मचारहिरुले संस्था वा कार्यक्रमको वित्तिय क्षती पुऱ्याएमा नीजको तलव संचयकोष, सेवा सुविधा वा अन्य श्रोतबाट क्षतिपूर्ति उपर गरिनेछ ।